नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मिठाई पसल लक्षित निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३।०५।२५ कुशे औंशी पर्वलाई मध्यनजर गर्दै मिठाई पसल लक्षित अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | टिप टप स्वीट्स प्रा. लि., का.म.न.पा.-०३, चक्रपथ (बाणिज्य, आपूर्ती तथा उपभोक्ता हीत संरक्षण विभाग सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको<br>• फ्रिजको अवस्था अब्यबस्थित रहेको<br>• फाईङ्ग तेलको TPM value २३ (मापदण्डमा अधिकतम २५ हुने उल्लेख रहेको) रहेको पाइयो | • सरसफाई नियमित गर्न<br>• कीट नियन्त्रणको व्यवस्थापन गर्न निर्देशन दिइएको। |
| २. | आकाश फुड्स, महारजगंज-३, काठमाडौं (बाणिज्य, आपूर्ती तथा उपभोक्ता हीत संरक्षण विभाग सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको<br>• कीट नियन्त्रणको अवस्था व्यवस्थित नगरेको पाईयो<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको | • कीट नियन्त्रण थप प्रभावकारी रुपले लागू गर्न<br>• खाद्य स्वच्छता कायम गरी तयार भएको खाद्य पदार्थहरु बिक्रि वितरण गर्न<br>• भाडा माझ्ने ठाउँ व्यवस्थित गरी संचालन गर्न हुन निर्देशन दिइएको। |
| ३. | श्री शिव फुड्स प्रा. लि., का.म.न.पा.-०१, ज्ञानेश्वर, काठमाडौं (बाणिज्य, आपूर्ती तथा उपभोक्ता हीत संरक्षण विभाग सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको<br>• भान्सा र भाडा माझ्ने ठाउँ संगसंगै रहेको<br>• फ्रिजमा पूर्ण लेबल विवरण नभएको खाद्य पदार्थ पाइएको<br>• कर्मचारीको व्यक्तिगत | • सरसफाई नियमित गर्न<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न विभिन्न उत्पादनका नमुना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| ४. | दूध सागर मिठाई सप (शाखा) कमलपोखरी, का.म.न.पा.-३३, काठमाडौं (बाणिज्य, आपूर्ती तथा उपभोक्ता हीत संरक्षण विभाग सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको<br>• फ्रिजको अवस्था अब्यबस्थित रहेको<br>• पूर्ण लेबल विवरण नभएका खाद्य पदार्थ पाइएको<br>• भान्सा कोठा र भाडा माझ्ने ठाउँ सँगसँगै रहेको पाइयो<br>• भान्सा कोठामा कृत्रिम खाद्य रंग भेटिएको<br>• फ्राइङ्ग तेलको TPM value ३१ भइ मापदण्ड प्रतिकूल भएको। | • TPM value ३१ भएको दुई (२) लिटर तेल नष्ट गरियो<br>• सरसफाई गर्न निर्देशन गरियो<br>• सम्पूर्ण निर्देशन सुधार गरी तिन (३) दिन भित्र विभागमा उपस्थित हुन<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न विभिन्न उत्पादनका नमुना संकलन गरियो। |
| ५. | नितिश फुड्स सामाखुशी -२६, काठमाडौं | • फाईङ्ग तेल को T.P.M १७.५ भई मापदण्ड अनुकूल भएको<br>• भान्साको सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• खुल्ला फोहरदानीको प्रयोग गरेको<br>• करिब चार (४) के जी मिठाई मुसाले खाएको भेटिएको<br>• करिब दुई (२) के जि को दुई (२) पाकेट खजुरी उपभोग्य मिति सकिएको पाइयो। | • भाडा माझ्ने ठाउँ र पकाउने ठाउँमा पार्टीसन गर्न<br>• ढक्कन भएको फोहरदानीको प्रयोग गर्न<br>• मुसाले खाएको करिब चार (४) के जी मिठाई जफत गरी नष्ट गरिएको<br>• दुई (२) पाकेट उपभोग्य मिति सकिएको खजुरी जफत गरी नष्ट गरिएको। |
| ६. | काठमाडौं स्वीट एण्ड स्नाक्यस, सामाखुशी ०३, काठमाडौं | • फाईङ्ग तेलको T.P.M २०.५ भई मापदण्ड अनुकूल भएको<br>• खुल्ला फोहरदानीको प्रयोग गरेको<br>• भान्साको सरसफाइको अवस्था सन्तोषजनक रहेको<br>• खानेकुराहरु खुल्ला रुपमा राखेको<br>• फ्रिजमा खानेकुराहरु अब्यबस्थित रहेको। | • ढक्कन भएको फोहरदानीको प्रयोग गर्न<br>• तयारी खाद्य पदार्थ भण्डारण गर्दा छोपेर राख्न हुन<br>• फ्रिजमा खानेकुराहरु छोपेर राख्न साथै सरसफाई नियमित गर्न<br>• पटक पटक तार्न प्रयोग भएको खराब तेल करिब एक (१) लिटर नष्ट गरिएको। |

| | | | |
|---|---|---|---|
| ७. | डोटेल डेरी फार्म प्रा. लि वडा - ७, गोल्फुटार काठमाडौं | • भान्साको सरसफाइको अवस्था सामान्य रहेको<br>• प्याक गरिएको मिठाइहरुमा लेबल विवरण पूर्ण नभएको। | • प्याक गरिएको मिठाइहरुमा लेबल विवरण पूर्ण रुपमा राख्न<br>• अनुमति पत्र लिएका र उक्त पत्रमा उल्लेख खाद्य पदार्थमा मात्र अनुमतिपत्र नं उल्लेख गर्न<br>• कीट नियन्त्रणको व्यवस्थापन नियमित गर्न<br>• अन्य खाद्य पदार्थहरुको उत्पादन थपका लागि विभागमा अनुमति पत्रको आवेदन दिने प्रक्रिया अगाडी बढाउन हुन। |
| ८. | पावन स्विट्स प्रा. लि वडा -०७, गोल्फुटार काठमाडौं | • फाईङ्ग तेलको T.P.M १० भई मापदण्ड अनुकूल भएको<br>• भान्साको सरसफाइको अवस्था सामान्य रहेको<br>• फ्रिजमा खानेकुराहरु छोपेर नराखेको पाइयो। | • फ्रिजमा खानेकुराहरु छोपेर राख्ने तथा लेबल लगाउन हुन<br>• फहरदानीमा रहेको फोहोर समय समयमा हटाउन<br>• कीट नियन्त्रणको व्यवस्थापन नियमित गर्न। |
| ९. | संगम स्विट्स प्रा. लि चपली - ०३ काठमाडौं | • फ्रिजमा खानेकुराहरु छोपेर नराखेको<br>• खुल्ला फोहरदानीको प्रयोग गरेको<br>• मिठाईको पाकेटमा लेबल विवरण उल्लेख नगरीएको। | • फ्रिजमा खानेकुराहरु छोपेर राख्ने<br>• ढक्कन भएको फोहरदानी प्रयोग गर्ने<br>• मिठाईको पाकेटमा लेबल विवरण उल्लेख गर्न। |
| १०. | आकाश फूड्स, पाटन औद्योगिक क्षेत्र, ललितपुर (खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौ सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको पाइएको<br>• कीट नियन्त्रणको व्यवस्था अपर्याप्त रहेको<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको<br>• खाद्य अनुमतिपत्रको नबीकरण मिति २०८३/०९/११ गते सम्म रहेको। | • सरसफाइमा बिशेष ध्यान दिने<br>• किट नियन्त्रणको व्यवस्था थप प्रभावकारी रूपमा गर्ने<br>• खाद्य पदार्थको गुणस्तर सुनिश्चितता गरेर मात्र खाद्य पदार्थबिक्रि वितरण गर्ने<br>• चाँडै बिग्रिने खाद्य पदार्थको विक्री वितरण गर्दा चिस्यान श्रृंखला (कोल्ड चेन) को ब्यबस्था गरी असल वितरण अभ्यास (Good Distribution Practice) अबलम्बन गरी गर्न हुन<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न विभिन्न उत्पादनका नमुना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| ११. | केशर स्वीट्स एण्ड फूड्स, नागार्जुन न. पा. - ३, काठमाडौं (खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौ सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको पाइएको<br>• कीट नियन्त्रणको व्यवस्था व्यवस्था प्रभावकारी नरहेको<br>• Exhaust system को ब्यबस्था प्रभावकारी नदेखिएको। | • सरसफाइमा बिशेष ध्यान दिन हुन<br>• कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी रूपमा कार्यान्वायन गर्न<br>• Exhaust system लाइ व्यबस्थित गर्न<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थको उत्पादन गर्न<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न विभिन्न उत्पादनका नमुना संकलन गरियो। |
| १२. | जानकी स्वीट्स प्रा. लि., ललितपुर -१३ (खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौ सहितको टोली) | • सरसफाईको अवस्था सामान्य रहेको पाइएको<br>• कीट नियन्त्रणको व्यवस्था व्यवस्था प्रभावकारी नरहेको<br>• तयार पारिएका केहि मिठाईजन्य खाद्य पदार्थ खुला रुपमा नछोपी भण्डारण गरेकको पाइयो। | • सरसफाइमा बिशेष ध्यान दिन हुन<br>• कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी रूपमा कार्यान्वायन गर्न<br>• खाद्य पदार्थ तयार गरे पछी राम्ररी छोपेर मात्र भण्डारण गर्न<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइयो। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः बाह्र (१२) वटा** | | | |

Bsharma


डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/२६

## <u>अनुगमनका केहि झलकहरु</u>


















आमाको मुख हेर्ने
को अवसरमा
हार्दिक





